# गण्डकी प्रदेश सभा

# **सार्वजनिक लेखा समिति**

## बाह्रौं बैठक

मिति २०८० माघ १४ गते, आईतबार, बिहान ११:०० बजे

## **दैनिक कार्यसूची**

१. महालेखा परिक्षकको पाँचौ प्रतिवेदन उपर भएको छलफलमा मिति २०८० माघ १० गतेको बैठकमा प्रस्तुत भएको "सम्बन्धित निकायहरुलाई दिने निर्देशन" मा आवश्यक पुनरावलोकन तथा परिमार्जन गरी सम्बन्धित नियकाहरुलाई निर्देशन दिने ।

२. समितिले मिति २०८०।०८।०९ मा आयोजना गरेको नागरिक संवाद कार्यक्रममा सरोकारवालहरुले उठाउनु भएका महत्वपूर्ण सवालहरुको बारेमा छलफल गर्ने ।

३. विविध

***अघिल्लो बैठकको संक्षिप्त कार्यबाहीको विवरण***

यस प्रदेशका सरकार अन्तर्गतका मन्त्रालय/निकायहरुका लेखा उत्तरदायी अधिकृतहरु, महालेखा परिक्षक कार्यालयका प्रतिनिधि, प्रदेश लेखा नियन्त्रक कार्यलयका प्रमुख तथा आर्थिक मामिला मन्त्रालयका माननीय मन्त्री तथा सचिवज्यूसँगको छलफल तथा अन्तर्क्रिया क्रममा उठेका विषयहरुको समिक्षा तथा सम्बन्धित निकायहरुलाई देहाय बमोजिमको निर्देशन दिइएको ।

१. गण्डकी प्रदेश सरकारका मन्त्रालय तथागण्डकी प्रदेश लोक सेवा आयोगको बेरुजु फछ्र्यौट गर्ने काममा लेखा उत्तरदायी अधिकृतले तदारुकता देखाई असुल उपर गर्नुपर्ने बेरुजु यथाशिघ्र उसुल उपर गर्ने र म्याद नाघेको पेश्की बेरुजु यथाशिघ्र फछ्र्यौट गर्ने ।साथै, नियमित गर्ने बेरुजुको हकमा आवश्यक कागजात तथा प्रमाण संकलन गरी बेरुजु नियमित गरी सोको प्रगति प्रत्येक महिनाको पहिलो हप्ताभित्र समितिलाई जानकारी गराउन **मुख्य मन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, गण्डकी प्रदेश सरकारका सवै मन्त्रालय र गण्डकी प्रदेश लोक सेवा आयोग**लाई निर्देशन दिइ

२. प्रदेश आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायी नियमावली, २०७९ को नियम ८३ बमोजिम प्रदेश सरकारको सम्पूर्ण सम्पत्ति तथा जिन्सी मालसामान (जग्गा, भवन, गाडी लगायत) को लगत अद्यावधिक गरी सोको अभिलेख राखि २ महिना भित्र समितिलाई जानकारी गराउन **मुख्य मन्त्री तथा मन्त्रि परिषदको कार्यालय**लाई निर्देशन दिने ।

## *अघिल्लो बैठकको संक्षिप्त कार्यबाहीको विवरण*

३. गण्डकी प्रदेश सरकारका मन्त्रालय तथागण्डकीप्रदेशलोकसेवाआयोगको बेरुजु फछ्यौंट गर्ने काममा लेखा उत्तरदायी अधिकृतले तदारुकता देखाई असुल उपर गर्नुपर्ने बेरुजु यथाशिघ्र उसुल उपर गर्ने र म्याद नाघेको पेश्की बेरुजु यथाशिघ्र फछ्यौंट गर्ने ।साथै, नियमित गर्ने बेरुजुको हकमा आवश्यक कागजात तथा प्रमाण संकलन गरी बेरुजु नियमित गरी सोको प्रगति प्रत्येक महिनाको पहिलो हप्ताभित्र समितिलाई जानकारी गराउन **मुख्य मन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, गण्डकी प्रदेश सरकारका सवै मन्त्रालय र गण्डकी प्रदेश लोक सेवा आयोग**लाई निर्देशन दिने।

४. प्रदेश आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायी नियमावली, २०७९ को नियम ८३ बमोजिम प्रदेश सरकारको सम्पूर्ण सम्पत्ति तथा जिन्सी मालसामान (जग्गा, भवन, गाडी लगायत) को लगत अद्यावधिक गरी सोको अभिलेख राखि २ महिना भित्र समितिलाई जानकारी गराउन **मुख्य मन्त्री तथा मन्त्रि परिषदको कार्यालय**लाई निर्देशन दिने ।

५. गण्डकी प्रदेशका मन्त्रालय, निर्देशनालय, कार्यालय, प्रतिष्ठान र प्रदेश सभा सचिवालय लगायतका निकायहरुको वेबसाईमा राखिएका विवरणहरुतथा सूचनाहरु अद्यावधिक नभएको जनगुनासो रहेकोलेप्रदेश सरकार तथा मातहतका निकायकासवै सूचना प्रवाहलाईव्यवस्थित, अद्यावधिकतथापारदर्शी बनाई खुल्ला सरकारको अवधारणालाई मुर्तरुप दिन "**सरकारी कार्यालयको वेवसाईट निर्माण तथा व्यवस्थापन सम्बन्धि निर्देशिका, २०७८**"ले तोकेका वेवसाईटमा राख्नुपर्ने विषयवस्तु, सूचना तथा विवरणहरु यथाशिघ्र र नियमितरुपमा वेबसाईटमा अद्यावधिक गर्ने/गराउने व्यवस्था मिलाउन **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय**लाई निर्देशन दिने ।

६. देहाय बमोजिमका कार्यक्रमहरुमा सम्बन्धित निकायहरुबाट थप विवरण माग गरीथपअध्ययनगर्ने।

क) चक्लाबन्धी कार्यक्रमः यस कार्यक्रम संचालन गर्ने कृषि तथा भूमि व्यवस्था मन्त्रालयलाई कार्यक्रमको कार्यविधि, हाल संचालनमा रहेका कार्यक्रमहरुको प्रगति विवरण, हालसम्म संचालन गरि पुरा भएका योजनाहरुको विवरण र ती कार्यक्रमहरुको अनुगमन, मूल्यांकन र प्राप्त उपलब्धी मापनको अवस्थाको बारेमा एकहप्ताभित्र समितिलाई जानकारी गराउन निर्देशन दिने ।

ख) कृषि अनुदानकार्यक्रमः यस कार्यक्रम संचालन गर्ने कृषि तथा भूमि व्यवस्था मन्त्रालयलाई कृषिमा अनुदान दिन मन्त्रालयले तयार गरेको कार्यविधि,अनुदानको लागि छनौटको मापदण्ड, यस आ.व.मा अनुदान शिर्षकमा विनियोजित बजेट र सोको कार्यान्वयनको अवस्था, हालसम्म अनुदान कार्यक्रम मार्फत अनुदान प्रदान गरिएका फर्म/कम्पनी आदिको नाम, ठेगाना, अनुदान रकम र उदेश्य सहितको आर्थिक वर्ष अनुसारको विस्तृत विवरण १५दिनभित्र समितिलाई जानकारी गराउन निर्देशन दिने ।

ग) उपभोक्ता समितिबाट कार्यान्वयन भैरहेका आयोजनाहरुः उर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालयलाई यस आ.व.मा संचालन भैरहेका उपभोक्ता समितिबाट सम्पन्न गरिने योजनाहरुको नाम, विनियोजित बजेट, ठेगाना र कार्यान्वयन गर्ने कार्यालय सहितको विस्तृत विवरण र उपभोक्ता समिति मार्फत योजना कार्यान्वयन गर्ने प्रयोग गरिएको कार्यविधि एक हप्ता भित्र समितिलाई उपलब्ध गराउने ।

घ) होमस्टे कार्यक्रमः उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयबाट हालसम्म अनुदान दिइएका होमस्टहरुको नाम, विनियोजित बजेट, ठेगाना र कार्यान्वयन गर्ने कार्यालय सहितको विस्तृत विवरण, योजना कार्यान्वयन गर्न अपनाइएको कार्यविधि एक हप्ता भित्र समितिलाई उपलब्ध गराउने ।